**Audit Area Observation:**

अन्तर- सरकारी वित्त व्यवस्थापन सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७४ को दफा ७(२) अनुसार स्थानीय तहले प्राप्त गर्नुपर्ने प्राकृतिक स्रोतको रोयल्टी, दफा ३(२) बमोजिम प्राप्त गर्नुपर्ने घर जग्गा रजिष्ट्रेशन लगायतका बांडफांडबाट प्राप्त हुनुपर्ने रकम गाउंपालिकाले प्राप्त गरेको देखिएन ।गाउंपालिकाले प्राप्त गर्नुपर्ने राजस्व बांडफांडको रकम प्राप्त गरी स्थानीय संचित कोषमा दाखिला गर्नुपर्दछ ।

**Responsible Person:**
**Actual Beruju:** 0
**Total Beruju:** 0
**Process:** TESTOFCONTROL
**udit Area Observation:**

यो वर्ष यस कार्यक्रमको लागि रु.१ करोड ८ लाख निकासा भएकोमा रु.९५२३२९३ बजेट खर्च भई मौज्दात रहेको रु.१२७६७०७ मिति २०७९/३/३१ मा संघिय संचितकोषमा फिर्ता दाखिला गरेको छ ।

**Responsible Person:**
**Actual Beruju:** 0
**Total Beruju:** 0
**Process:** TESTOFCONTROL
**Audit Area Observation:**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ।यस गाउँपालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१४२१५६४७२.६ पूँजीगत खर्च गरेको छ । तर गाउँपालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो।अतः गाउँपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

**Responsible Person:**
**Actual Beruju:** 0
**Total Beruju:** 0
**Process:** TESTOFCONTROL
**Audit Area Observation:**

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

**Responsible Person:**
**Actual Beruju:** 0
**Total Beruju:** 0
**Process:** TESTOFCONTROL
**Audit Area Observation:**

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

**Responsible Person:**
**Actual Beruju:** 0
**Total Beruju:** 0
**Process:** TESTOFCONTROL
**Audit Area Observation:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्र
तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ।गाउँपालि
देखिएन।ऐनमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ।

**Responsible Person:**
**Actual Beruju:** 0
**Total Beruju:** 0
**Process:** TESTOFCONTROL
**Audit Area Observation:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा स्थानीय तहले आफ्नो क्षेत्राधिकार भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार ११ वटा ऐन २ वटा नियमावली ८ वटा कार्यविधि र १ निर्देशिका गरी २२ वटा कानून स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट जन्म दर्ता ९५८ वटा, मृत्यु दर्ता ८३ वटा, बसाइँसराइ ११ वटा, विवाह दर्ता १०० वटा, सम्बन्ध विच्छेद दर्ता ३वटा गरेको विवरण प्राप्त भएको छ ।

**Responsible Person:**
**Actual Beruju:** 0
**Total Beruju:** 0
**Process:** TESTOFCONTROL
**Audit Area Observation:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा स्थानीय तहले आफ्नो क्षेत्राधिकार भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार ११ वटा ऐन २ वटा नियमावली ८ वटा कार्यविधि र १ निर्देशिका गरी २२ वटा कानून स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट जन्म दर्ता ९५८ वटा, मृत्यु दर्ता ८३ वटा, बसाइँसराइ ११ वटा, विवाह दर्ता १०० वटा, सम्बन्ध विच्छेद दर्ता ३वटा गरेको विवरण प्राप्त भएको छ ।

**Responsible Person:**
**Actual Beruju:** 0
**Total Beruju:** 0
**Process:** TESTOFCONTROL
**Audit Area Observation:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) मा स्थानीयतहमा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फागुन महिनाभित्र सम्पन्न गरी सक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी कार्य समयमा गरेको छैन । अत बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धीनियम तथा कार्यविधिकोतर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

**Responsible Person:**
**Actual Beruju:** 0
**Total Beruju:** 0
**Process:** TESTOFCONTROL
**udit Area Observation:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) मा स्थानीयतहमा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फागुन महिनाभित्र सम्पन्न गरी सक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी कार्य समयमा गरेको छैन । अत बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धीनियम तथा कार्यविधिकोतर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

**Responsible Person:**
**Actual Beruju:** 0
**Total Beruju:** 0
**Process:** TESTOFCONTROL
**Audit Area Observation:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७८/७९ को अध्ययन गर्दा गाउँपालिकाले

स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । गाउँपालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

| **रु १ लाख सम्म** | **रु १ लाख देखि २ लाखसम्म** | **रु २ लाखदेखि ५ लाखसम्मका** | **रु ५लाख देखि १० लाखसम्मका** | **रु १० लाखभन्दा बढीको** | **जम्मा** |
|---|---|---|---|---|---|
| २६ | ५६ | ७७ | २९ | ३२ | २१६ |

उपरोक्त विवरण अनुसार गाउँपालिकाले यस वर्ष जम्मा २१६वटा योजना संचालन गरेकोमा रु. १ लाख भन्दा मुनिका मात्र 2६ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धैरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

**Responsible Person:**
**Actual Beruju:** 0
**Total Beruju:** 0
**Process:** TESTOFCONTROL

कर्णाली प्रदेश सभाद्वारा बनेको कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन २०७७ अनुसार पदाधिकारी तथा सदस्यले आफ्नो जिल्ला बाहिर भ्रमण गर्दा मात्र भ्रमण भत्ता पाउनेछ भन्ने उल्लेख छ । यस पालिकाका देहाएका पदाधिकारी तथा सदस्यहरुले जिल्लाभित्रको भ्रमणमा दैनिक भ्रमण भत्ता लिएको देखियो ।नियममा व्यवस्था भएअनुसार नमिल्ने भत्ता असुल गरी दाखिला हुनुपर्ने रु.

| सि न भौ न/ मिति | **भ्रमण भत्ता बुझ्ने पदाधिकारीको नाम** | **पद** | **भुक्तानी रकम** |
|---|---|---|---|
| १ १२४/२०७८।१२।२८ | | **गा पा अध्यक्ष** | **५६०००** |
| ३. १८२/२०७९।०१।२१ | **छविचन्द्र लामा** | **वडा नं ४ अध्यक्ष** | **९७५०** |
| | **रुपसिंह कामि** | **कार्यपालिका सदस्य** | **९७५०** |
| | **गिता लामा** | **कार्यपालिका सदस्य** | **९७५०** |
| ४. २२६/२०७९।०२।१७ | **राजबहादुर शाही** | **वडा नं ७ अध्यक्ष** | **३००००** |
| | **लालपूरी कामि** | **कार्यपालिका सदस्य** | **३००००** |
| | **जयचन्द्र रोकाया** | **वडा नं ६ अध्यक्ष** | **३००००** |

| | | | |
|---|---|---|---|
| | **चक्र बहादुर बुढा** | **वडा नं ८ अध्यक्ष** | **३००००** |
| | **गिता लामा** | **कार्यपालिका सदस्य** | **३००००** |
| | **तारा बहादुर लामा** | **वडा नं १ अध्यक्ष** | **३००००** |
| | **नाङ्सालमा लामा** | **कार्यपालिका सदस्य** | **३००००** |
| | **रूपसिंह सुनार** | **कार्यपालिका सदस्य** | **३००००** |
| | **विनोद कुमार विक** | **कार्यपालिका सदस्य** | **३००००** |
| | **ताम्लाजिकमेन लामा** | **वडा नं ३ अध्यक्ष** | **३००००** |
| | **कृष्ण बहादुर बोहरा** | **वडा नं ५ अध्यक्ष** | **३००००** |
| | **नर बहादुर भण्डारी** | **वडा नं २ अध्यक्ष** | **३००००** |
| | **अवगति शाही** | **कार्यपालिका सदस्य** | **३००००** |
| | **छविचन्द्र लामा** | **वडा नं ४ अध्यक्ष** | **३००००** |
| ५ | **कृष्ण बहादुर बोहरा** | **वडा नं ५ अध्यक्ष** | **३७५००** |
| | जम्मा | | ५४२७५० |

**Responsible Person:** विभिन्न तहका पदाधिकारीहरु
**Actual Beruju:** 5,42,750.0
**Total Beruju:** 5,42,750.0
**Process:** SUBSTANTIVEPROCEDURE

आयकर ऐन २०५८ को दफा ८७ अनुसार आयमा करकट्टी गर्ने व्यवस्था छ ।गाउँपालिकामा देहाय अनुसारका पदाधिकारीहरुको पारिश्रमिक कर कट्टा नगरी भुक्तानी गरेको दिएको छ । नियमानुसार वार्षिक आयमा लाग्ने कर सम्बन्धितबाट असुल गरी दाखिलागनुपर्ने देखिएको रू.

| **पदाधिकारीको नाम थर** | **पद** | **वार्षिक सुविधा** | **छुट पाउने** | **कर योग्य आय** | **कट्टा गर्नुपर्ने** | **कट्टा गरेको** | **कट्टी हुनुपर्ने कर** |
|---|---|---|---|---|---|---|---|
| पदमबहादुर लामा | गा. पा. अध्यक्ष | ८६२३९७ | ४५०००० | ४१२३९७ | ८८२२० | ८५५० | ७९६७० |
| वली रावत | गा.पा. उपाध्यक्ष | ७६६५७५ | ४५०००० | ३१६५७५ | ५९४७३ | ७६०० | ५१८७३ |
| | **जम्मा** | | | | | | **१३१५४३** |

**Responsible Person:** पदम बहादुर लामा समेत २
**Actual Beruju:** 1,31,543.0
**Total Beruju:** 1,31,543.0
**Process:** SUBSTANTIVEPROCEDURE

**Audit Area Observation:**
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीको २०७७ को नियम ५८(१) मा राजस्व उठाउने कार्यालयले करदाता वा सेवाग्राहीबाट प्राप्त गरेको राजस्व महालेखा नियन्त्रक कार्यालयको नाममा सरकारी कारोबार गर्ने बैँङ्कमा खोलिएको राजस्व खाता नन्अपरेटिभ रेभिन्यू एकाउण्ट मा जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष ८ वटा वडा कार्यालयहरु र गाउपालिकाले रु.३१३८७३५.५८ आन्तरिक आय असुल गरेकोमा वडा नं. ६ का वडा सचिव लोकेन्द्र रावतले नगदी रसिदबाट रु.३२२४९३ र मालपोत दस्तुरबाट रु.१२०९१ गरी जम्मा रु.३३४५८४ असुल गरी रु.२६०४९० मात्र दाखिला गरेकोले दाखिला गर्न बाँकी रु.७४०९४ असुल गरी राजश्व दाखिला हुनुपर्ने रु.

**Responsible Person:** लोकेन्द्र रावत
**Actual Beruju:** 74,094.0
**Total Beruju:** 74,094.0
**Process:** SUBSTANTIVEPROCEDURE

**Audit Area Observation:**
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (४) मा उपभोक्ता समिति वा लाभग्रही समुदायलाई निर्माण कार्य वा सेवाको काम दिँदा लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जन सहभागिताको अंश कट्टा गरी भुक्तानी दिनु पर्ने व्यवस्था छ ।गाउँपालिकाले यस वर्ष देहायका योजनाहरुमा उपभोक्ता समितिहरुबाट काम गराएकोमा लागत अनुमानमा रहेको जन सहभागिताको अंश भन्दा घटीमा कार्यसम्पन्न गरी सोही अनुपातमा उपभोक्ता समितिलाई भुक्तानी दिनुपर्नेमा बढी भुक्तानी दिएको असुल गर्नु पर्ने रु

| **बजेट उपशिर्षक** | **भौ.नं./मिति** | **उपभोक्ता समितिको नाम** | **लागत अनुमान** | **विनियोजन** | **कार्यसम्पन्न** | **भुक्तानी हुनुपर्ने** | **भुक्तानी दिएको** | **बढी भूक्तानी** |
|---|---|---|---|---|---|---|---|---|
| संघीय पुंजीगत | ४०-२०७९।०३।२१ | आलु खेतीको लागि सिंचाई कार्यक्रम | ५८५८६४ | ५००००० | ५००००० | ४२३३१३ | ५००००० | ७६६८७ |
| | ५०-२०७९।३।२३ | पाटाङ देखी स्याङटाङ स्याउ खेती तथा घेरावार | २३३२८६९ | २०००००० | २३११७४४ | १९७८८७५ | २०००००० | २११२५ |
| गाउंपालिका पुंजिगत | २०-२०७८।९।२७ | वृत्तचित्र निर्माण (कन्टिन्जेन्सी रु.४००००.० समेत भुक्तानी) | ८०००००.० | | | | | ४००००.० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ११२-२०७८।१२।२५ | सामुदायिक भवन मर्मत उ.स | १३१३१७.० | ११०४००.० | १३०६२२.० | ११०३४९.० | ११४९४७.० | ४५९८.० |
| | ६२-२०७८।१०।६ | वालविकास भवन घेरावार उ.स. | ३४३४७९.० | ३०००००.० | ३४१२२५.० | २८३१२८.० | २८५०००.० | १८७२.० |
| | २७८-२०७८।३।२१ | विजिवारा देखि मिल जाने ग्याविन निर्माण कार्य | ६०२२०६.० | ४८००००.० | ६०११३९.० | ५०००००.० | ४८००००.० | २००००.० |
| मुख्यमन्त्री रोजगार | १३-२०७८/८/२१ | थाया खा.पा. | ३४६२९९४ | ३०४७४३५ | ३२६५७६७ | २७१५४२० | २८८३७७७ | १६८३५७ |
| जम्मा | | | | | | | | ३३२६३९ |

**Responsible Person:** विभिन्न उपभोक्ता समिति
**Actual Beruju:** 3,32,639.0
**Total Beruju:** 3,32,639.0
**Process:** SUBSTANTIVEPROCEDURE

**Audit Area Observation:**
**बढी भुक्तानीः** अनुदान कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७८/७९ को क्रियाकलाप नं. २.७.१३.३ को २.२ मा प्रत्येक सामुदायिक विद्यालय को बाल विकास कक्षालाई रु. ५००।... , कक्षा १...५ लाई रु.१५०।...।, कक्षा ६...८ लाई रु. २००।..., कक्षा ९...१० लाई रु. २००।..., कक्षा ११...१२ रु.१५०।... र कक्षा ८ को परीक्षा संचालन तथा प्रमाणीकरण का लागी रु. २५०।... ले विधार्थी संख्या यकिन गरी प्रत्येक तहका विधार्थी संख्याले उल्लेखित दर ले गुणन गरी आएको अंक बराबर विधालयलाई एकमुष्ट अनुदान दिने उल्लेख छ। पालिकाले विधालय लाई अनुदान उपलब्ध गराउदा EMIS को विधार्थि भन्दा बढी निकासा दिएको छ। बढी निकासा भएको रकम असुल हुनु पर्दछ रु.

| क्र. स. | विद्यालयको नाम | विधार्थि संख्या | | | | | दिनु पर्ने | दिएको | बढी रु. |
|---|---|---|---|---|---|---|---|---|---|
| | | वा. वि. | १...५ | ६...८ | ९...१० | ११...१२ | | | |
| १ | चाङला हिमाल प्रा. वि. | ० | ७९ | ० | ० | ० | ११८५० | ५०००० | ३८१५० |
| २ | बैजिवाडा प्रा. वि. | ० | १० | ० | ० | ० | १५०० | ५०००० | ४८५०० |
| ३ | कालासिल्ता प्रा. वि. कुम्लिक | ४ | ३१ | ० | ० | ० | ६६५० | ५०००० | ४३३५० |
| ५ | रामदेव मा. वि. | ३७ | ८६ | ८५(कक्षा ८ मा २६) | ४७ | | ६०३०० | १००००० | ३९७०० |
| ६ | हिमगिरी प्रा. वि. | ० | ५ | ० | ० | ० | ७५० | ५०००० | ४९२५० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७ | रलिङ मा. वि. | २३ | ८८ | ७७(कक्षा ८ मा २९) | ५१ | ० | ५७५५० | १००००० | ४२४५० |
| ८ | महाकाल प्र वि | ० | १५ | ० | ० | ० | २२५० | ५०००० | ४७७५० |
| ९ | सिद्धार्थ आ वि | ० | ७८ | ५५(कक्षा ८ मा १८) | ० | ० | २७२०० | ५०००० | २२८०० |
| १० | जन ज्योती प्रा वि | ० | १४ | ० | ० | ० | २१०० | ५०००० | ४७९०० |
| ११ | भिमसेन आ वि | २३ | ११९ | २७ | ० | ० | २३२५० | १००००० | ७६७५० |
| १२ | बाल मन्दिर मा वि | ६५ | १७९ | १६८ (कक्षा ८ मा ७३) | १५१ | ० | १४१४०० | १५०००० | ८६०० |
| १३ | मान सरोवर मा वि | ० | ० | २२१(कक्षा ८ मा ८३) | २११ | २२९ | १६४४०० | १८४६१० | २०२१० |
| १४ | कालासिल्ता प्रा. वि. सिमकोट | ४० | १६८ | ० | ० | ० | ४५२०० | ५०००० | ४८०० |
| १५ | हिमाल बौद्धिक आवासिय | ० | ४३ | ० | ० | ० | ६४५० | ५०००० | ४३५५० |
| १६ | कैलास मा वि | ६६ | १०५ | ७८(कक्षा ८ मा २७) | ७५ | ० | ८६१०० | १५०००० | ६३९०० |
| १७ | सर्किदेव प्रा वि | ६ | ३० | ० | ० | ० | ७५०० | ५०००० | ४२५०० |
| १८ | बलभद्र आ वि | ५६ | ८५ | ० | ० | ० | ४०७५० | ५०००० | ९२५० |
| १९ | दोभान प्रा वि | २४ | ५१ | ० | ० | ० | १९६५० | ५०००० | ३०३५० |
| २० | कर्णाली मा वि | १९ | १६८ | १०६(कक्षा ८ मा २९) | ८४ | ३३ | ८८२०० | १५०००० | ६१८०० |
| २१ | कान्ति नि मा वि | १५ | ७४ | ४०(कक्षा ८ मा १८) | ० | ० | ३११०० | ५०००० | १८९०० |
| २२ | सैपाल मा वि | ६१ | १४२ | ४४(कक्षा ८ मा २०) | ३० | ० | ७१६०० | १५०००० | ७८४०० |
| २३ | बालविकास प्रा वि | १९ | ४९ | ० | ० | ० | १६८५० | ५०००० | ३३१५० |
| | **जम्मा** | | | | | | | ८७२०१० | **८७२०१०** |

**Responsible Person:** विभिन्न विधालय
**Actual Beruju:** 8,72,010.0
**Total Beruju:** 8,72,010.0
**Process:** SUBSTANTIVEPROCEDURE

**Audit Area Observation:**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यवस्था छ । गाउपालिकाले यस वर्ष देहायका उपभोक्ता समितिहरुबाट निर्माण कार्य गराएकोमा निम्नानुसारका कामहरुको दर रेट फरक पारी बढी दरमा भुक्तानी दिएको असुल गर्नुपर्ने रु.

| भौ.नं/मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | एकाई | परिमाण | भुक्तानी हुनुपर्ने दर | भुक्तानी दिएको दर | बढी भुक्तानी दर | बढीभुक्तानी रकम(उ.स.को अंशकट्टागरी) |
|---|---|---|---|---|---|---|---|---|
| प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम पूँजीगत | | | | | | | | |
| १३-२०७९/३/२१ | सर्किदेउ प्रा.लि. घेरवार उ.स. | Pcc (1:3:6) | घ.मी. | ४.६७ | ४७११९ | ६१८८४ | १४७६५ | ६०५२८ |
| जम्मा | | | | | | | | ६०५२८ |

**Responsible Person:** विभिन्न उपभोक्ता समिति
**Actual Beruju:** 60,528.0
**Total Beruju:** 60,528.0
**Process:** SUBSTANTIVEPROCEDURE

**Audit Area Observation:**
आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा पेश्की दिएको रकम म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिने एवं दिने दुबैको कर्तव्य हुने कुरा उल्लेख छ । कार्यालयले उपलब्ध गराएको पेश्की बाँकीको विवरण अनुसार निम्न व्यक्ति, संस्था र उपभोक्ता समितिलाई दिएको पेश्की रु. **5027423**।– मध्ये म्याद नाघेको पेश्की रु.2732423 **।-** फछ्यौट हुन बाँकी रहेकोले नियमानुसार फछ्र्यौट गर्नुपर्नेरु.

| | पेश्की लिनेको नाम | गत वर्षको पेश्की बाँकी | यो वर्षको पेश्की बाँकी | जम्मा पेश्की | पेश्की बाँकी मध्ये म्याद नाघेको | म्याद ननाघेको |
|---|---|---|---|---|---|---|
| १ | सुरक्षीत आवास सिजिएल सिट खरिद | | १८९९८२३ | १८९९८२३ | १८९९८२३ | |
| २ | नन्द रावलको ढल देखि पुरानो ढल निर्माण | | २३०००० | २३०००० | २३०००० | |
| ३ | गणेश बोहराको घर देखि ठोसेचलु सम्म ढल निर्माण | | १२०००० | १२०००० | १२०००० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | दोवाटो देखि सार्वजनिक भवन सम्म ग्याविन वाल | | १२०००० | १२०००० | १२०००० | |
| ५ | गाङलुगा देखि सार्वजनिक भवन सम्म ग्याविनवाल निर्माण | | १०५००० | १०५००० | १०५००० | |
| ६ | ताका छोरेतोङग देखि गुम्वाधारा आवधिक जग्गा घेरावार | | ५७६०० | ५७६०० | ५७६०० | |
| ७ | वडा कार्यालय व्यवस्थापन वडा नं १ | | २००००० | २००००० | २००००० | |
| ८ | वि.एन। त्रिशक्ती । दावा जे.भी | **९४५०००** | | **९४५०००** | | **९४५०००** |
| ९ | वि.एन। त्रिशक्ती । दावा जे.भी | १३५०००० | | १३५०००० | | १३५०००० |
| | | २२९५००० | **२७३२४२३** | **५०२७४२३** | **२७३२४२३** | **२२९५०००** |

**Responsible Person:** विभिन्न व्यक्ति तथा फर्म कम्पनी
**Actual Beruju:** 27,32,423.0
**Total Beruju:** 27,32,423.0
**Process:** SUBSTANTIVEPROCEDURE
**Audit Area Observation:**

आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने अग्रिम कर कट्टी गरी दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| **वउशिनं** | **गो भौ नं./मिति** | **विवरण** | **भुक्तानी रकम** | **करको दर** | **कर रकम** |
|---|---|---|---|---|---|
| | २३९-०७९।०२।१९ | पदाधिकारी बैठक भत्ता वडा न ५ | | | १२६०० |
| गाउँFपालिका चालु | ५०-२०७८।०९।२८ | तिर्थराज बोहोरा | | | ९१५० |
| | ७३-२०७८।१०।०७ | मेयरसिंह बुढा | | | १६४५५ |
| जम्मा | | | | | ३८२०५ |

**Responsible Person:** तिर्थराज बोहरा समेत ३
**Actual Beruju:** 38,205.0
**Total Beruju:** 38,205.0

**Process:** SUBSTANTIVEPROCEDURE
**Audit Area Observation:**
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वनियमावली, २०७७ को ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न गर्नुपर्ने व्यवस्था छ ।गाउँपालिकाले देहायबमोजिमका कामको लागि आवश्यक बिल भरपाईको प्रमाण संलग्न बेगर भुक्तानी दिएकोले सोको प्रमाण पेश गर्नुपर्ने रु.

| भौ.नं./मिति | कार्यक्रमतथाव्यक्ति/संस्थाको नाम | प्रयोजन | परिमाण | रकम |
|---|---|---|---|---|
| ५६-२०७९/३/७ | बुराउँसे स्वास्थ्य चौकी भवन ४ | ग्याविनवाल निर्माण | - | ३१९०२७ |
| ४-२०७८।८।२३ | संघीय सरकारबाट हस्तान्तरित | मासिक समिक्षा बैठक | | १३४६२५ |
| जम्मा | | | | ४५३६५२ |

**Responsible Person:** विभिन्न
**Actual Beruju:** 4,53,652.0
**Total Beruju:** 4,53,652.0
**Process:** SUBSTANTIVEPROCEDURE

**कुल बेरुजु विवरण**
**२०७८/७९**
**५२३७८४४.००**
**असूल गर्नुपर्ने** : २०१३५६४.००
**जम्मा पेश्की** : २७३२४२३.०
**अनियमित भएको** : ०
**सोधभर्ना नलिएको** : ०
**जिम्मेवारी नसारेको**: ०
**प्रमाणका पेश नभएको**: ४९१८५७.००